# अध्याय ३
# मौरीघार र मौरीपालन

## मौरीघार भनेको के हो ?

मौरीको घार एउटा भाँडो हो, जसमा मौरीले आफ्नो गुँडहरू बनाउँदछन् । यो एउटा कृत्रिम बास बस्ने गुँड हो । मौरीपालकले आफ्नो ईच्छानुसार फाइदाको लागि मौरीलाई पाल्न सक्छन्, जस्तै :– मह उत्पादन, महको अन्य उत्पादित पदार्थहरु र बालीको परागसेचनको लागि । हिन्दू कुश–हिमालय क्षेत्रमा किसानहरू *एपिस सिराना*लाई परम्परागत घार तथा आधुनिक काठको घारहरूमा पाल्दछन् । व्यवसायिक मौरीपालकहरूले दुवै *एपिस सिराना* र *एपिस मेलिफेरा*लाई सार्न सकिने चौकोस भएका घारमा राख्दछन् ।

### *परम्परागत स्थिर चाकायुक्त घारहरू*

मुढे घार भनेको एउटा साधारण रूखको खोक्रो मुढा हो । जसमा कुनै चाका बनाउने चौकोस वा वार हुँदैन । मुढोको दुवै खुल्ला भागलाई टिन, फल्याक वा गोवरमाटोले टालिएको हुन्छ । मुढोको वीचमा मौरीलाई भित्रवाहिर गर्ने प्वाल हुन्छ । किसानहरूले यस्तो घारहरूलाई आफ्नो घरको बरन्डा वा रूखको हाँगामा झुन्ड्याएर वा जमीनभन्दा माथि उकासेर (चित्र ३.१) राख्दछन् ।

खोपे घार एउटा समकोणीय वा चारपाटे घार हो जुन घरको गारोमा हुन्छ । तल फेदमा, वीचमा वा माथि एउटा भित्र पस्नको लागि प्वाल हुन्छ । खोपे घारलाई छेउछाउमा गोवरमाटोले पोतिएको हुन्छ भने तल र माथि काठको फल्याकले वन्द गरिन्छ । उक्त पछिल्लो भागलाई फल्याकले अस्थायी तवरबाट गोवरमाटोले ढाकेर बन्द गर्दछन् (चित्र ३.२) ।




*चित्र ३.१: मौरीलाई परम्परागत मुढे घारहरूमा पनि राख्न सकिन्छ ।*

सुराही घार भनेको माटोको भाँडोको भित्र बनेको खोक्रो ठाउँ हो । यसमा खुल्ला प्वाल ढाक्न माटोको बिर्कोले काम गर्छ । ठण्डा पहाडी ठाउँहरूमा घैलालाई घरको भित्तामा सुताएर राखिन्छ भने गरम उष्ण एवं उपोष्ण ठाउँहरूमा रूखमा झुण्ड्याएर राखिन्छ ।

परम्परागत स्थिर चाकायुक्त घारहरूबाट मौरीपालक, किसान र मह उपभोक्ताहरुका लागि निम्न लिखित बेफाइदाहरु छन् ।



खोपे घारको बाहिरी दृश्य



खोपे घारको भित्री दृश्य

*चित्र ३.२: किसानहरूले परम्परागत खोपे घारहरूमा पनि मौरी पाल्दछन् ।*

- चाकालाई निचरेर मह झिकिन्छ । यस्तो महमा मौरीका बच्चाहरू, मौरीको शरीरको भाग, घारको फोहरमैला मिसिएको हुनाले यस्तो महले राम्रो मूल्य पाउँदैन ।
- तुलनात्मक तरिकाले मह उत्पादन कम हुन्छ । तर आधुनिक चाकायुक्त घारमा भन्दा यसमा मैन वढी उत्पादन हुन्छ ।
- यसरी मह काट्दा धेरै बच्चा र वयस्क मौरीहरू मारिन्छन् । यसले गर्दा गोलामा मौरीको संख्या घट्दछ ।
- मह निचोर्दा चाकाहरू नासिन्छन् । यसरी मौरीले नयाँ चाका वनाउनु पर्दा धेरै परिश्रम खेर जान्छ ।
- गोलालाई समय-समयमा रोग नियन्त्रणका लागि रानी फेर्ने, सुक्खा

समयमा पूरक खुराक, सरसफाइ गर्न र निरीक्षण गर्न सम्भव हुँदैन । यसले गर्दा बेलाबखतमा मौरीहरूले गृहत्याग गर्छन् ।

- यस्तो परम्परागत घारहरूमा भएको मौरीहरूलाई परागसेचनको लागि ओसारपसार गर्न सकिन्न ।

### *सुधारिएको मौरीघारहरू*

परम्परागतका मुढे घार र खोपे घारहरूमा सुधार गरेर अवगुणलाई सुधार्ने प्रयासहरू भएका छन् । माथिबाट टपबार राखेर मुढे घारहरूको पनि सुधार भएको छ (चित्र ३.३) र खोपे घारहरूमा सार्न हुने




*चित्र ३.३: परम्परागत स्थिर चाकायुक्त मुढेघारभन्दा टपबार राखेर सुधारिएको मुढेघारमा मौरी गोला निरीक्षण गर्न सजिलो हुने र गुणस्तरीय मह उत्पादन हुन्छ ।*



*चित्र ३.४: खोपे घारलाई चाका फेर्न हुने चौकोसयुक्त सुधारले गुणस्तरीय मह उत्पादन र गोला निरीक्षण गर्न सजिलो पर्दछ।*

चौकोसयुक्त चाकाहरू राखेर सुधार गरिएका हुन्छन् (चित्र ३.४)। ती सुधारिएका कारणले मौरी गोला निरीक्षण गर्न सम्भव हुन्छ र मौरी वा बच्चालाई नबिथोलीकन मह झिक्न सकिन्छ किनभने बाहिरी चाकामा मह सञ्चित हुन्छ। परम्परागत घारभन्दा यो महको गुणस्तरमा राम्रो हुन्छ।

खोपे घार बाकस जस्तो हुन्छ, त्यसको माथि पङ्क्तिबद्ध बारहरूमा मौरीले चाका बनाउँदछ। यस्तो घार स्थानीय वस्तुहरू जस्तै :- पराल, बाँस वा काठबाट बनाउन सकिन्छ तापनि काठ सबभन्दा उत्तम वस्तु हो। गोला निरीक्षणको लागि टपबारयुक्त घारहरू उपयोगी हुन्छन्, तर चाका नभाँची ओसारप्रसार गर्न सकिँदैन। तसर्थ बालीको परागसेचन गर्न र मौरीको गोला स्थानान्तरण गर्न उपयुक्त हुँदैन।

### *आधुनिक काठे घारहरू*

आधुनिक काठे घारहरूको मुख्य भागमा एउटा बच्चाकक्ष हुन्छ, जसमा मौरी र तिनका बच्चा हुन्छन् । यसमा रानीले फुल पार्दछे, बच्चाहरू हुर्किन्छन् र गोलाको लागि मह सञ्चित गरिन्छ । घार आसनबोर्डमा राखिन्छ जसमा मौरीभित्र पस्ने प्रवेशद्वार हुन्छ । बच्चा हुर्काउने खण्डभन्दा माथि मह उत्पादनको लागि महकक्ष राखिन्छ । महकक्षभन्दा माथि एउटा भित्री ढकन राखिन्छ । हावा र पानीबाट घारलाई बचाउन (चित्र ३.५) काठको ढकनले घारलाई माथिबाट ढाकिन्छ । घारको तल्लो भागलाई सुक्खा राख्न काठ वा फलामको चौखुट्टीमाथि घारलाई राखिन्छ । घारभित्र पस्ने कमिलालाई रोक्न चौखुट्टीको खुट्टामुनि पानी भरिएको कचौरा राखिन्छ ।

आधुनिक घारहरूको प्रयोग हुनु ज्यादै विकसित मौरीपालन हो । यस तरिकाले मौरीको गोलालाई व्यवस्थापन गर्न सजिलो भएको छ, जस्तै :– बच्चायुक्त गोलालाई मिलाउन सकिने, रोग र शत्रुहरूको जाँच गर्न सकिने, सञ्चित खाद्यको निरीक्षण गर्न हुने, सुक्खा समयमा नपुग खाना




*चित्र ३.५: आधुनिक घारले गर्दा उपयुक्त तरिकाबाट मौरी पाल्न सम्भव हुन्छ ।*

दिन मिल्ने, रानीलाई हुर्काउन सकिने, मह बढी उत्पादन हुने मौसममा महकक्ष थप्न सकिन्छ । परम्परागत घारहरूभन्दा आधुनिक घारहरूमा धेरै फाइदाहरू छन् । जस्तै :

- परम्परागत घारहरूमा भन्दा यसमा दुई-तीन गुणा बढी मह उत्पादन हुन्छ तर लागत खर्च पनि बढी पर्छ ।
- महदानीको प्रयोग हुने हुनाले उच्चगुणस्तरीय मह काढ्न सकिन्छ । यस्तो महले राम्रो भाउ पाउँछ ।
- चाकाहरू जस्ताको त्यस्तै रहने हुनाले घारमा पुनः प्रयोग गर्न सकिन्छ ।
- मह काट्ने बेलामा मौरी र बच्चाहरू पनि बिथोलिंदैन, किनभने मौरीले मह छुट्टै माथिल्लो खण्ड (महकक्ष) मा सञ्चित गर्दछ ।
- गोलाको जाँच गर्न सजिलो हुन्छ । तापनि वैज्ञानिकहरूको विश्वास छ कि, सार्न सकिने चौकोस भएका घारहरूको प्रयोग भएबाट नै रोगहरू व्यापक रूपमा फैलिएका हुन् ।
- स्थानान्तरण मौरीपालनका लागि यी घारहरू उपयुक्त हुन्छन् किनभने विभिन्न ठाउँमा पाइने फूल अनुसार मौरीलाई सार्न सकिन्छ ।
- आधुनिक मौरीको घारहरूलाई खेतबगैंचामा ओसार्न सकिने र बालीको परागसेचनको लागि पनि व्यवस्थापन गर्न सकिन्छ (चित्र ३.६) ।

आधुनिक घारहरू काठबाट बनेका हुन्छन्, तर स्थानीय बस्तुहरूबाट पनि बनाउन सकिन्छ । जस्तै :– पराल, छ्वाली, खर, सिमेन्ट, बालुवा, माटो, ग्लुकोनाइट, अखबार, सुकेको केतुकीको पात र धानको भुस आदि । तापनि पराल तथा छ्वाली बाहेक अन्य प्रयोग भएका घारहरू ओसार्नको लागि उपयुक्त हुँदैन । त्यसैकारण बालीको परागसेचन गर्न खेतबगैंचामा सार्न सकिंदैन ।

## मौरीपालन के हो ?

मौरीपालन भन्नाले मह र मैन उत्पादनको लागि मौरी पाल्ने कार्यलाई जनाउँदछ । मौरीपालन गर्ने मानिसलाई मौरीपालक भन्दछन् । मौरीपालकले थोरैदेखि धेरै किसिमका घारहरूमा मौरीका गोलाहरू राख्न र व्यवस्थापन गर्न सक्छन् । मौरीका गोलाहरू राखिएको



*चित्र ३.६ :आधुनिक मौरीको गोलायुक्त घारहरूलाई बालीको परागसेचन गर्न खेतमा ओसार्न सकिन्छ ।*

ठाउँलाई मौरीखर्क भन्दछन् । हिमाली मौरी *एपिस सिराना* र युरोपेली मौरी, *एपिस मेलिफेरा*हरू मात्र मह उत्पादनका लागि व्यवसाय गर्न सकिने मौरीका जातिहरू हुन् । मह र मैन उत्पादनको लागि मात्र मौरीपालन गरिंदैन बरु नगदे बालीहरू खासगरीकन स्याउमा परागसेचन गराउनको लागि पनि मौरीपालन गरिन्छ । भारतको उत्तर-पश्चिम राज्य हिमाञ्चल प्रदेशमा स्याउखेती गर्न कृषकले परागसेचनको लागि मौरीपालकहरूबाट मौरीको गोलाहरू भाँडामा



*चित्र ३.७: हिमाञ्चल प्रदेशमा स्याउको परागसेचनका लागि मौरीपालनलाई प्रवर्द्धन गर्दछन् ।*

लिन्छन् । सार्न हुने चाकायुक्त आधुनिक घारहरू बालीको परागसेचनका लागि ओसार्न बडो उपयुक्त हुन्छ ।